धुर्मुस-सुन्तली फाउण्डेशन
सबैमा समान पहुंच

# संस्थाको संक्षिप्त परिचय

| क्र.सं. | विवरण | |
|---|---|---|
| १. | संस्थाको नाम | धुर्मुस सुन्तली फाउण्डेशन |
| २. | संस्थाको ठेगाना | काठमाण्डौं महानगरपालिका वडा नं. १०, बानेश्वर |
| ३. | संस्थाको प्रकृती | परोपकारी संस्था |
| ४. | दर्ता मिति | २०७२ कार्त्तिक १६ गते (जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं) |
| ५. | दर्ता नं. | ३०७ (जिल्ला प्रशासन कार्यालय) |
| ६. | दर्ता मिती | २०७२ कार्त्तिक १७ गते (समाज कल्याण परिषद्) |
| ७. | आबद्धता नं. | ४२३२० (समाज कल्याण परिषद्) |
| ८. | स्थायी लेखा नं. | ६०३६६५२३३ |
| ९. | संस्थाको कार्यक्षेत्र | काठमाण्डौं जिल्ला (अस्थायी शाखाः सिन्धुपाल्चोक, महोत्तरी, रौतहट, चितवन) |
| १०. | संस्थाको फोन नं. | ०१४४८२९७१ |
| ११. | संस्थाको शाखाको फोन नं. | ०५६५९१९२८ |
| १२. | संस्थाको ईमेल वेवसाईट | info@dhurmussuntali.org<br>www.dhurmussuntali.org |
| १३. | कार्य प्रारम्भ | २०७३ बैसाख १२ गते |
| १४. | स्थापना कालिन सदस्य | १३ जना |
| १५. | कार्यसमिति | ७ जना |
| १६. | कर्मचारी | ६ जना |
| १७. | पहिलो बार्षिक साधारण सभा | २०७३ पौष १६ गते |
| १८. | दोश्रो बार्षिक साधारण सभा | २०७४ असोज २४ गते |
| १९. | तेश्रो बार्षिक साधारण सभा | २०७५ असोज २० गते |
| २०. | चौथो बार्षिक साधारण सभा | २०७६ कार्तिक २२ गते |
| २१. | बिशेष साधारण सभा | २०७६ बैशाख ९ गते |
| २२. | पांचौं बार्षिक साधारण सभा | २०७७ असोज २५ गते |

# संस्थागत परिचय

## फाउण्डेशनको स्थापना

धुर्मुस सुन्तली फाउण्डेशन, २०७२ वैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्पमा पीडित र प्रभावित भएका व्यक्तिहरूको उद्धार, आवश्यक सामग्री वितरण, मानवीय सहायता तथा भूकम्पमा भत्किएका संरचनाहरूको पुनर्निर्माण तथा पुनर्वास गर्ने उद्देश्यका साथ स्थापना गरिएको एक गैर नाफामूलक गैरसरकारी सामाजिक संस्था हो । धुर्मुस सुन्तली फाउण्डेशनको दर्ता २०७२ मंसिर २८ गते भई औपचारिक रूपमा स्थापना भएको थियो ।

भूकम्प गएको बखत कार्यक्रमको लागि अमेरिकामा रहेका संस्थापक द्वय धुर्मुस सुन्तली नेपाल फर्किए लगत्तै पीडितहरूका लागि राहत वितरणमा अहोरात्र खटिएका थिए । भूकम्प पीडितहरूका लागिसहयो ग सामग्रीको वितरण गरिरहँदा पीडितहरूलाई राहतको मात्र आवश्यकता नभई व्यवस्थित तथा स्थायी आवासको नितान्त जरूरी रहेको महशुस गरियो । जसअनुसार भूकम्पले ज्यादै प्रभावित काभ्रे जिल्लास्थित डाँडागाउँमा एकीकृत नमूना पहरी बस्ती निर्माण गर्ने योजना बन्यो । योजना सम्पन्न गर्नका लागि धुर्मुस सुन्तलीले देश तथा विदेशमा रहनु भएका नेपाली सहयोगी मनहरूलाई आर्थिक सहयोगका लागि आह्वान गरे अनुसार बस्ती निर्माण हुँदै गर्दा सहयोगीहरूबाट सहयोग पनि जुट्दै गयो र अन्ततः धुर्मुस सुन्तलीले आफ्नो पहिलो एकीकृत नमूना बस्ती तोकिएकै समयमा निर्माण सम्पन्न गर्न सफल भए ।

देश निर्माण तथा पूनर्निर्माणका लागि एकीकृत बस्ती कै अवधारणा अनुसार अगाडि बढ्न सके पूनर्निर्माण अभियानलाई गति दिनुका साथै यसले अन्ततः देश विकासमै टेवा पुग्ने भएकाले धुर्मुस सुन्तलीले एकीकृत बस्ती निर्माणलाई अभियानका रूपमा सञ्चालन गर्ने निर्णय गरे । पहिलो एकीकृत नमूना बस्ती निर्माण पछि अब संस्थागत रूपमा अगाडि बढ्नुपर्छ भन्ने सोचका साथ धुर्मुस सुन्तली कै परिचित नामबाट संस्थाको नाम धुर्मुस सुन्तली फाउण्डेशन नामाकरण गरी दर्ता गरियो । संस्थाले स्थापना कालदेखि नै अल्पसंख्यक, सीमात्कृत व्यक्ति, परिवार र समुदायहरूका लागि काम गदै आईरहेको छ । संस्था स्थापनासँगै फाउण्डेशनले सिन्धुपाल्चोकमा गिरानचौर एकीकृत नमूना बस्ती, बर्दिवासमा एकीकृत नमूना मुसहर बस्ती र रौतहटको चन्द्रपुरमा एकीकृत नमूना सन्तपुर बस्ती निर्माण सम्पन्न गरिसकेको छ ।

फाउण्डेशनले एकीकृत नमूना बस्ती निर्माणसँगै विभिन्न समस्यामा परेका व्यक्ति, परिवार र समुदायका लागि समेत काम गरिरहेको छ । फाउण्डेशनले हरेक परियोजना सफल बनाउनका लागि देश तथा विदेशमा रहनुभएका नेपाली सहयोगी मनहरूको निरन्तर सहयोगका लागि अपील गर्दै प्राप्त सिमित सहयोगलाई अधिकतम रूपमा सामाजिक कामका लागि उपयोग गर्दै प्रत्येक खर्च विवरणलाई आवधिक रूपमा सार्वजनिक गर्दै आफ्ना योजनाहरू सम्पन्न गर्दै आएको छ ।

देश निर्माण तथा पूनर्निर्माणका लागि एकीकृत बस्तीकै अवधारणा अनुसार अगाडि बढ्न सके

पूनर्निर्माण अभियानलाई गति दिनुका साथै यसले अन्ततः देश विकासमै टेवा पुग्ने भएकाले धुर्मुस सुन्तलीले एकीकृत बस्ती निर्माणलाई अभियानका रूपमा सञ्चालन गर्ने निर्णय गरे । पहिलो एकीकृत नमूना बस्ती निर्माणपछि अब संस्थागत रूपमा अगाडि बढ्नुपर्छ भन्ने सोचका साथ निरन्तरता दिँदै अगाडि बडियो ।

## फाउण्डेशनको परिकल्पना

क) नेपाली समाजमा प्रचलीत असमानता कम गरेर एक उन्नत समाज विकास गर्न योगदान दिने,

ख) जीवनका सम्पूर्ण पक्षहरूको विकासको निमित्त स्वस्थ, सुखी जीवन र समतामूलक समाजको निर्माणमा आफू र अन्य सहयोगी मार्फत योगदान पुऱ्याउने,

ग) शिक्षा, खेलकुद, मनोरञ्जन र नैतिक शिक्षामा आधारित रहेर समाजको समग्र विकासको लागि गैर-नाफामूलक उद्देश्यका साथ क्रियाशील रहने ।

## फाउण्डेशनको ध्येय

अनैतिकता, गरिबी, भेदभाव, महिला हिंसा, बाल श्रम, बाल विवाह, सामाजिक वहिष्कार कम गर्न र सरकारी निकायहरू, नागरिक समाज र सम्बन्धित सरोकारवालाहरूसँग समन्वयमा सु-स्वास्थ्य र स्वच्छतालाई बढावा दिने ।

## फाउण्डेशनको उद्देश्य

### साधारण उद्देश्य

विशुद्ध सामाजिक संस्थाको रूपमा रही मानवीय एवं जनहितका सेवामा कार्य गर्ने ।

### विशिष्ट उद्देश्य

क) दैवी प्रकोपमा परेकाहरू, अल्पसंख्यक तथा सीमान्तकृत व्यक्ति, परिवार र समुदायको स्वास्थ्य, शिक्षा, आवास, सरसफाई र खुला दिसामुक्त कार्यक्रम सञ्चालन गर्ने तथा दैवी प्रकोपमा परे काहरूलाई पुर्नस्थापनाको कार्य गर्न सहयोग गर्ने ।

ख) सडक बालबालिका र युवा युवतीहरूमा लागु पदार्थको दुर्व्यसनबाट हुन गइरहेको समस्या र विसङ्गतीहरूलाई न्यूनीकरण गर्न सहयोग गर्ने र चेतनामूलक कार्यहरू सञ्चालन गर्ने ।

ग) परिवार एवं समाजबाट अपहेलित भएका बृद्ध/बृद्धाहरू, महिलाहरू, एकल महिला, जनजाती र जातीय भेदभावलाई हटाउनको लागि विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

घ) राष्ट्रिय विपद्, महामारी, प्राकृतिक प्रकोपको बेला विभिन्न किसिमका सहयोग पुऱ्याउने ।

ङ) राष्ट्रिय समारोह, चाडपर्व, मेला, उत्सवहरूमा मनोरञ्जनात्मक कार्य गर्ने ।

च) समान उद्देश्य भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय समाजसेवी एवं जनकल्याणकारी संस्थाहरूसँग

समन्वय गरी सहयोग आदानप्रदान गर्ने ।

छ) क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गोष्ठि, सभा, सम्मेलन तथा कार्यशालाको आयोजना गर्ने तथा भाग लिने ।

# २०७२ देखि हाम्रो कार्यक्षेत्र

### सामाजिक विकास कार्यक्षेत्र



क) शिक्षा, स्वास्थ्य, सरसफाईका विभिन्न अभियान,

ख) बालविवाह, महिला हिंसा, महिला उद्यमशिलता, लगायतमा जनचेतनामूलक कार्यक्रमहरू,

ग) देशैभर खुल्ला दिशामुक्त क्षेत्र बनाउनका लागि विभिन्न संचेतनामूलक कार्यक्रमहरू,

घ) विपद् र संक्रामक रोग जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तयारीका लागि संचार तथा समुदायमा आबद्धता कार्यक्रम,

ङ) सर्ने रोग वा मानसिक रोग न्यूनीकरण सेवा विस्तारका कार्यक्रमहरू,

च) खेल सम्बन्धी ज्ञान तथा सीप विकासका कार्यक्रमहरू,

छ) सामाजिक सुरक्षा सहायताका कार्यक्रमहरू,

ज) सामाजिक विकास र राष्ट्र निर्माण अभियानका लागि युवा परिचालन कार्यक्रम

झ) युवा सहभागितामा आधारित खेल र मनोरञ्जनका कार्यक्रम, आदि ।

### आर्थिक विकास कार्यक्षेत्र



क) पर्यटन प्रवर्द्धन र देशको प्रकृति, संस्कृति तथा सम्पदाहरूको प्रचार लगायत यसको प्रभावबारे अभियान तथा भिडियो सामग्री निर्माण,

ख) युवा क्षमता अभिबृद्धि र नेतृत्व विकासका लागि युवा स्वयम्सेवक र इन्टर्नशिप कार्यक्रम, आदि ।

### पूर्वाधार विकास कार्यक्षेत्र

क) भूकम्प पछिको पुनर्निर्माण तथा त्यसको जोखिमबाट बच्न सचेतनामूलक कार्यक्रम, बस्ती विकास, लगायतका भिडियो निर्माण, प्रचार, प्रदर्शन,

ख) गुणस्तरीय प्राथमिक बाल विकास, शिक्षा सवलीकरण, पूर्वाधार विकास तथा निर्माण,

ग) रङ्शाला, खेल मैदान लगायत खेलकुद मैत्री पूर्वाधार विकास निर्माण सम्बन्धी आयोजनाहरू, आदि ।



# धुर्मुस सुन्तली फाउण्डेशनको कार्यक्रम तथा परियोजनाहरु सञ्चालन भएका जिल्लाहरु






# धुर्मुस सुन्तली फाउन्डेसन

पुरानो बानेस्वर, काठमाण्डौं, नेपाल
फोन नं. +९७७-०१-४४८२९७
ईमेल: info@dhurmussuntali.org
वेबसाइत: www.dhurmussuntali.org

धुर्मुस-सुन्तली फाउण्डेशन

सबैमा समान पहुंच